# तरकारी जोनको परियोजना परिचय

**नेपाल सरकार**
**कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना**
## परियोजना कार्यान्वयन इकाई, तरकारी जोन
**पालुङ, मकवानपुर**

बैशाख 207५

**परिचय**

देशको करिब दुई तिहाई जनसंख्या रोजगारी तथा जिविकोपाजनको लागि कृषि क्षेत्रमा निर्भर रहेको अवस्थामा कृषिमा आधारित अर्थतन्त्रलाई कृषिजन्य उद्योगमा रुपान्तरित गरिआधुनिक, व्यवसायिक, प्रतिस्पर्धी, दिगो र आत्मनिर्भर बनाउनु आजको

आवश्यकता हो।अव्यवस्थित भू-उपयोग, उर्वर कृषि भूमिको गैर कृषिमा प्रयोग, बढ्दो उत्पादन लागत, उत्पादनका सामाग्रीहरुको अप्रर्याप्तआपूर्ति, पूर्वाधारहरुको कमी, उपयुक्तप्रविधिक ज्ञान र शीपमा कमी, कृषकहरुको कमजोर व्यावसायीक क्षमता,अनुसन्धान, शिक्षा र प्रसार बीचको त्रीपक्षीय सम्बन्धलाई मजबुत तुल्याई अनुसन्धानवाट विकास भएका प्रविधिहरु पर्याप्त मात्रामा बिस्तार हुन नसक्नु जस्ता विविध कारणहरुले कृषि क्षेत्रमा आशातित उपलब्धि हासिल हुन सकेको छैन।साथै युवा जनशक्ति दिनानुदिन विदेशिने क्रम बढि रहेको सन्दर्भमा कृषि क्षेत्रमा श्रमिकको अभाव, निजि क्षेत्रको लगानी आकृष्ट गर्नु पनि ठूलो चुनौतीकोरुपमा देखा परेको छ।यस परिपेच्छमा स्थानीय सम्भावना, तुलनात्मक लाभ र विशिष्ठ अवसरको उपयोग गर्दै समग्र मूल्य श्रृंखलाका अवयवहरुको एकीकृत संयोजन र परिचालन मार्फत कृषि औद्योगिकरण एवम् यन्त्रीकरण उन्मुख दिगो आर्थिक अवसरहरु सृजना गरी निश्चित वालीको क्षेत्र विस्तार र उत्पादकत्वलाई बढाई निर्वाहमूखी कृषि प्रणालीलाई व्यवसायिक, प्रतिस्पर्धी, दिगो र आत्मानिर्भर बनाउने लक्ष्यका साथ नेपाल सरकार, कृषि विकास मन्त्रालयले प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना 2073 श्रावणबाट लागु गरिएको छ।स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरीक संस्थागत जनशक्तिबाट तयार गरिएको यो परियोजनालाई कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा लिईएको छ।कृषि उत्पादनको विशिष्टकृत क्षेत्र निर्माण, निर्यातयोग्य कृषि उपजहरुको मूल्य अभिबृद्धि तथा बजारीकरण गरी रोजगारीको अवसर सृजना लगायत कृषि औद्योगिकिकरणको दिशामा मापनयोग्य परिवर्तन सुनिश्चत गरी कृषि पेशालाई मर्यादित र सम्मानजनक व्यवसायकोरुपमा स्थापित गराउने यस परियोजनाको सोच रहेको छ।

**यस परियोजनाको कार्यान्वयन तहमा चारवटा सम्भागहरु रहेका छन्।**

| क्र.स. | सम्भाग | क्षेत्रफल | पहिलो बर्ष संचालन गरिने संख्या | वाली | कार्यान्वयन निकाय |
|---|---|---|---|---|---|
| 1 | साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम | कम्तीमा 10 हे. (२०० रो.) | 2100 | कार्यान्वयन निकायले छनौट गर्ने | स्थानिय निकाय/जिल्ला कृषि विकास कार्यालय |
| 2 | व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम | कम्तीमा 100 हे. (२००० रो.) | 150 | अदुवा/वेसार, अलैची, आलु, जुनार, तरकारी, धान, कमै, माछा, सिमि, सुन्तलाजात, स्याउ, किवी, केरा, भटमास | स्थानिय निकाय/जिल्ला कृषि विकास कार्यालय |
| 3 | व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम | कम्तीमा 500 हे. (10,0०० रो.) | 30 | तरकारी-5, मकै/मकै वीउ-5, धान-5, सुन्तलाजात-3, अदुवा/वेसार-3, आलु-3, माछा-2, अलैची-1, आपँ-1, जैतुन-1, जुनार-1, | जोन कार्यान्वयन इकाई |
| 4 | बृहतव्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम | कम्तीमा 10000 हे. (२०,000 रो.) | 7 | धान, गहुँ, मकै, तरकारी, आलु, माछा, स्याउ | सुपर जोन कार्यान्वयन इकाई |

**यो परियोजनाले कृषि क्षेत्रको आधुनिकिकरणका लागि निम्न अनुसारका रणनीतिहरु अवलम्बन गर्नेछ।**

१. भूमिको बैज्ञानिक उपयोग
२. आधुनिक कृषि प्रविधिहरुको अवलम्वन
३. कृषिमा यान्त्रिकिकरण
४. कृषि उपजहरुको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरुको विकास
५. कृषि अनुसन्धान - शिक्षा - प्रसार प्रणालीको सुदृढ समन्वय एवम्आधुनिकिकरण
६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्वन
७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिबृद्धि
८. वातावरण परिवर्तन अनुकुलित कृषि प्रणाली अबलम्वन

**परियोजना संचालनको अवधारणा**




यो परियोजना आ.व. 207४/7५ वाट मकवानपुर जिल्लामा पनि शुरु गरीएको छ ।यस जिल्लाको भौगोलिक सम्भावनाका रुपमा पहिचान भई आएको तरकारी बालीको व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रमसंचालनको लागि 207४ असोज १३ गते थाहा नगरपालिका -३, पालुङमा **परियोजना कार्यान्वयन इकाई**, तरकारी जोनको कार्यालय स्थापना भई थाहा नगरपालिका वडा नं १ देखि १० र इन्द्रसरोवर गाँउपालिका वडा नम्वर १ देखि ५ मा निम्न उदेश्यका साथ कार्यक्रम संचालन भईरहेको छ।

**उद्देश्यहरु**

१. तरकारी बालीको विशिष्टकृत क्षेत्रहरु समेटी ५०० हेक्टरमा जोन निर्माण गर्ने
२. निर्यात योग्य तरकारी बालीहरुको मूल्यअभिवृद्धि गर्दै प्रतिश्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
३. तरकारी खेती तथा व्यवसायलाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने,
४. तरकारी खेतीमा संलग्न कृषि सहकारी,समूह,निजि उद्यमी र सरोकारवालहरुको व्यवसायीक क्षमता अभिवृद्धि गरी वजारमुखी उत्पादनमा जोड दिने, र
५. बहुसरोकारवाला निकायहरु बिचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने ।

**जोन कार्यान्वयन इकाईको संगठनात्मक विवरण**

परियोजना कार्यान्वयन ईकाई (जोन)
बरिष्ठ कृषि अधिकृत
रा.प.द्वि (प्रा.), कृषि सेवा– 1

**प्रविधि विस्तार तथा अनुसन्धान शाखा**
कृषि अधिकृत-१
कृषिविज्ञ(सम्बन्धित वाली)-1
कृषि स्नातक(Intern)-1
प्राविधिक सहायक (रा.प.अनं.प्र.प्रा.) वा प्राविधिक सहायक, (रा.प.अनं.द्धि.प्रा.)-२

**आर्थिक प्रशासन शाखा**
लेखापाल, रा.प.अनं.प्र.प्र.-1
नायव सुब्बा, रा.प.अनं.प्र.प्र वा खरिदार रा.प.अनं.द्धि.प्र.-1
कार्यालय सहयोगी-२ (सेवा करार)

यस इकाईको सहजिकरण, आवश्यक सहयोग र समन्वयको लागि तरकारी खेती तथा व्यवसायमा आवद्ध यस इकाईमा सूचीकृत भएका व्यवसायिक कृषक समूह, सहकारी, उपभोक्ता समिति, नीजि उद्यमी/व्यवसायीहरु मध्येवाट तरकारी जोन संचालक समिति, मकवानपुरको गठन गरिएको छ।

**तरकारी जोन संचालक समिति, पालुङ मकवानपुरका पदाधिकारीहरुको विवरण**

| क्र.स. | पद | नाम | ठेगाना | मोबाइल नं |
|---|---|---|---|---|
| 1 | संयोजक | | | |
| 2 | उप-संयोजक | | | |
| 3 | सचिव | | | |
| 4 | सह-सचिव | | | |
| 5 | सदस्य | | | |
| 6 | सदस्य | | | |
| 7 | सदस्य | | | |
| 8 | सदस्य | | | |
| 9 | सदस्य | | | |

**परियोजनाबाट उपलब्ध हुने सेवा सुविधाहरु**

परियोजना मार्फत संचालन गरिने कार्यक्रमहरुका लागि प्रस्तुत तालिका अनुसार उपलब्धीमा आधारित सहजिकरण सेवा उपलब्ध गराउने छ ।

| सि.नं. | विवरण | सहजिकरण |
|---|---|---|
| 1 | कृषि उत्पादन सामग्रीहरु (वीउ,वेर्ना,विरुवा,लगायत नर्सरी स्थापना) | ५० प्रतिशत |
| 2 | प्राविधिक सहयोग | १००प्रतिशत |
| 3 | प्रयोगशाला सेवाहरु | 85 प्रतिशत |
| 4 | कृषि औजार तथा उपकरणहरु | ५० प्रतिशत |
| 5 | साना सिंचाइ पूर्वाधारहरु | ८५ प्रतिशत |
| 6 | उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु | ८५ प्रतिशत |

१.

**गुनासो सुन्ने अधिकारीः** सुजन अंगाई, बरिष्ठ कृषि अधिकृत (985५०८२५९५)
**सूचना अधिकारीः** बालकुमारी भट्टराई, प्राविधिक सहायक (984५०७२२००)


**<u>थप जानकारीका लागि सम्पर्क</u>**

प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

**परियोजना कार्यान्वयन इकाई, तरकारी जोन, पालुङ मकवानपुर**

फोन नं. 985५०८२५९५

इमेलः pmampzonemakwanpur@gmail.com